# कृषि विभाग अन्तरगत कृषि इन्जिनियरिङ्ग निर्देशनालयवाट संचालित **सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापना सम्वन्धी वित्तिय संस्थाको साझेदारीमा व्याज अनुदान परिचालन कार्यविधि, २०७०**

**नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।१०।६ स्वीकृत**

**नेपाल सरकार**
**कृषि विकास मन्त्रालय**

# सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापना सम्वन्धी वित्तिय संस्थाको साझेदारीमा ब्याज अनुदान परिचालन कार्यबिधि,२०७०

**पृष्ठभूमि :**

खाद्यान्नको उत्पादन बढाई खाद्य सुरक्षा र उपलब्धता गर्नु राष्ट्रको मुल उदेश्य रहेको छ । सिमित जग्गावाट खाद्यान्न उत्पादन बढाउन मल, जल, यन्त्र उपकरण, उन्नत बीउ आदि प्रमुख तत्वहरु हुन् । उन्नत बीउले मात्र २०-२५% उत्पादन बढाउने मान्यता छ । उन्नत बीउको हकमा राष्ट्रको संयन्त्र मार्फत मागको आपुर्ति पुरा गर्न नसकेको अवस्थामा कृषक समूह, सहकारी र कम्पनीहरु यस पेशामा आकर्षित भएको पाइन्छ । तर बीउ व्यवसायमा लागेका कृषक समूह, सहकारी, कम्पनीहरुलाई नेपाल सरकारवाट सहयोग गर्दा गर्दै पनि अपुग भएको अवस्था छ । यसै परिप्रेक्षमा सरकारले कृषि क्षेत्रमा वित्तिय संस्थाहरुको लगानी बढाउने उद्देश्य अनुरुप बीउ क्षेत्रमा पनि लगानी गर्ने अवसर भएकोले बाणिज्य बैकहरुको लगानीमा बीउ व्यवसायको क्षमता विकास गर्न टेवा पुऱ्याउन यस कार्यक्रम संचालन गर्न लागिएको हो ।

१. संक्षिप्त नाम र प्रारम्भ: (क) यो कार्यविधिको नाम "सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापना सम्वन्धी वित्तिय संस्थाको साझेदारीमा ब्याज अनुदान परिचालन कार्यबिधि,२०७०" रहेको छ ।

(ख) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**क)** **"सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र"** भन्नाले यस कार्यविधिको अनुसूचि–१ मा उल्लेख गरिए बमोजिमका मापदण्डहरुको आधारमा स्थापनमा हुने बीउ प्रशोधन केन्द्रलाइ लाई जनाउंनेछ ।

**ख) "ब्याज अनुदान" भन्नाले बीज उत्पादक कम्पनी, कृषक समूह, संघ, सहकारी संस्थाहरुलाई स्वीकृत कार्यक्रम अनुरुप दिईने ब्याज अनुदान सम्झनु पर्दछ ।**

**ग)** **"कृषक समूह"** भन्नाले व्यवसायिक रुपमा कृषि गर्न कृषकहरु मिली सम्वन्धीत निकायमा दर्ता गरी गठन गरिएको कृषकहरुको समूहलाई जनाउने छ ।

**घ)** **"संस्था"** भन्नाले सहकारी ऐन २०४८ वा संस्था दर्ता ऐन २०३४ वमोजिम कृषि पेशा व्यवसायलाई प्रवर्द्धन गर्ने उदेश्यले गठित संस्था तथा व्यवसायिक कृषिको लागि कम्पनी वा उद्योगमा दर्ता भई संचालन भएको कम्पनी तथा उद्योग समेतलाई जनाउने छ ।

**ङ)** **"निर्देशनालय"** भन्नाले कृषि इन्जिनियरिङ्ग निर्देशनालयलाई जनाउँदछ ।

**च)** **"वित्तिय संस्था"** भन्नाले नेपाल राष्ट्र बैकवाट स्वीकृत प्राप्त वाणिज्य बैकहरुलाई जनाउँदछ ।

**छ)** **"समिति"** भन्नाले यसै कार्यविधिको दफा १४ मा उल्लेखित समितिलाई जनाउँदछ ।

**३.** उद्देश्यहरु : **यस कार्यक्रमका देहाय वमोजिमको उदेश्य रहेका छन् ।**

**क)** बीज उत्पादक संस्थाहरुको भौतिक क्षमता अभिवृद्धि गर्ने ।

ख) गुणस्तरीय बीउ बीजन उत्पादन हुने ।

ग) उत्पादन तथा उत्पादकत्व वृद्धि हुने ।

घ) कृषकहरुको आर्थिक अवस्था सुधार हुने ।

ङ) कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि हुने ।

च) स्थानिय स्तरमा उन्नत बीउ सहज आपुर्ति हुने ।

छ) खाद्य सुरक्षामा टेवा पुग्ने ।

४. **लक्षित वर्ग** :- यस कार्यक्रमका लक्षित बर्ग देहाय वमोजिमको हुनेछन् ।

क) बीज उत्पादन गर्ने कृषक समूह, संस्था, सहकारी, कम्पनी आदि

५. **लगानी गर्ने संस्था**:- यस कार्यक्रमका लगानी कर्ता देहाय वमोजिमको हुनेछन् ।

क) नेपाल राष्ट्र बैकवाट स्वीकृत प्राप्त बाणिज्य बैक (Commercial Bank)

६. बजेटको व्यवस्था: यस कार्यक्रमको लागि बजेटको व्यवस्था देहाय वमोजिम हुनेछ ।

क) नेपाल सरकारका निकाय वा दातृ निकायबाट सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापनामा व्याज अनुदान दिने कार्यक्रमको लागि प्राप्त बजेट रकम ।

ख) नेपाल सरकार, अर्थ मन्त्रालयको बजेट वक्तव्यमा उल्लेखित कार्यक्रममा समावेश गरी अनुदान दिन छुटयाईएको बजेट रकम ।

ग) कृषि विकास मन्त्रालयबाट विभिन्न निर्देशनालय र राष्ट्रिय कार्यक्रमहरुलाई उल्लेखित कार्यक्रम कार्यान्वयन गर्न छुटयाईएको बजेट रकम ।

७. संलग्न संस्था (Organization involved) :- यस कार्यक्रममा देहायका संस्थाहरु संलग्न हुनेछन् ।

क) बीज उत्पादन कार्यमा संलग्न समूह, सहकारी संस्था, कम्पनी ।

ख) वित्तिय संस्था ।

ग) जिल्ला कृषि विकास कार्यालय ।

घ) कृषि इन्जिनियरिङ्ग निर्देशनालय ।

**८.** आधारभूत आवश्यक मापदण्डहरु (Basic Criteria Required) :- यस कार्यक्रममा सहभागी हुने बीज उत्पादन कार्यमा संलग्न समूह, सहकारी संस्था, कम्पनीले देहायका मापदण्डहरु पुरा गर्नु पर्नेछ ।

क) बीज उत्पादन कार्यमा ५ वर्ष देखि दर्ता भै कार्यरत संस्था हुनु पर्ने ।

ख) कम्तीमा विगत ३ वर्षको लेखा परिक्षण भैसकेको वासलात प्रतिवेदन हुनु पर्ने ।

ग) कम्तीमा ५ कट्ठा जमिन संस्थाको आफ्नै नाम र स्वामित्वमा हुनु पर्ने ।

घ) विगत ३ (तीन) वर्ष भित्र कुनै एक वर्षमा ५० मे.ट.गुणस्तरीय बीजको विक्री गरेको प्रमाण पेश गर्नु पर्ने ।

ङ) संस्थाको जग्गामा पुग्ने मोटर वाटो, पानी तथा थ्रि-फेज विजुली वत्तिको लाइन पुगेको हुनु पर्ने ।

९. <u>प्राविधिक सहयोग (Technical Backstopping)</u> यस कार्यक्रमको लागि देहायका निकायहरुले प्राविधिक सहयोग गर्नेछन् ।

क) कृषि प्राविधिक पक्ष : सम्वन्धित जिल्ला कृषि विकास कार्यालयवाट हुने ।

ख) इन्जिनियरिङ्ग पक्ष : कृषि इन्जिनियरिङ्ग निर्देशनालयवाट हुने ।

१०. <u>वित्तिय सहयोग (Financial Backstopping)</u> :- यस कार्यक्रमको लागि देहाय बमोजिम वित्तिय सहयोग गर्नेछन् ।

क) विभिन्न वित्तिय संघ संस्थाहरुवाट बीज उत्पादन कार्यमा संलग्न समूह, सहकारी संस्था, कम्पनीहरुमा भौतिक संरचना तथा बीउ प्रशोधन गर्ने उपकरणहरुमा लगानी गर्ने ।

ख) लगानी सम्झौता अवधिको लागि कृषि इन्जिनियरिङ्ग निर्देशनालयवाट व्याज अनुदान उपलव्ध गराइने छ ।

११. <u>वित्तिय कार्यविधि (Financial Regulation)</u> :- यस कार्यक्रमको वित्तिय कार्यविधि देहाय बमोजिम हुने छ ।

क) सर्व प्रथम बीज उत्पादक संस्थाले वित्तिय संस्थावाट ऋण लिई कार्य संचालन गर्न इच्छुक हुनु पर्ने ।

ख) ऋण लिनका लागि बीज उत्पादक संस्थाले आफ्नो नाममा रहेको जग्गा वित्तिय संस्थामा धितो राख्न तत्पर हुनु पर्ने ।

ग) आर्थिक दायित्व निम्नानुसार हुने ।

१) यस सहकार्यको लागि लिईने ऋणको सांवा रकम सम्झौतामा तोकेको सांवा भुक्तानी अवधिसम्म बीउ उत्पादक कम्पनी/समूह/सहकारी संस्थाले भुक्तानी गर्नु पर्नेछ ।

२) सम्झौतामा तोकिएको सांवा भुक्तानी अवधिसम्मको व्याज मात्र नेपाल सरकार, कृषि इन्जिनियरिङ्ग निर्देशनालयले व्याज अनुदानको रुपमा उक्त वित्तिय संस्थालाई भुक्तानी गर्नु पर्ने ।

१२. <u>कार्यान्वयन ढाँचा (Implementation modality)</u> :- यस कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम गरिनेछ ।

क) रु. ५० लाखसम्मको भौतिक संरचना तथा मेशिनरी उपकरण खरिद तथा जडान कार्यको लागि पहिलो १ (एक) वर्ष तथा रु. ५० लाख भन्दा बढीको लागिको लागि थप ६ (छ) महिना गरी जम्मा १.५ (डेढ) वर्षमा उक्त भौतिक संरचना तथा मेशिनरी उपकरण खरिद तथा जडान कार्य सम्पन्न गर्नु पर्ने र सो को व्यवस्थापन बीज उत्पादक कम्पनी/समूह/सहकारी संस्थाबाट हुनुपर्ने ।

ख) भौतिक संरचना तथा संरचनाको गुरु योजना कृषि इन्जिनियरिङ्ग निर्देशनालयवाट तयार गरिनेछ ।

ग) निर्माण तथा अन्य कार्यहरुको रनिङ्ग/फाइनल बील, साइट इन्चार्जवाट तयार गरी कृषि इन्जिनियरिङ्ग निर्देशनालयको स्वीकृतीमा भुक्तानीको लागि वित्तिय संस्थामा पेश गरिने छ ।

घ) निर्देशनालयवाट स्वीकृत रनिङ्ग बील तथा अन्तीम बील अनुसार वित्तिय संस्थावाट ऋण प्रवाह हुने र उक्त रकमलाई लगानीको साँवामा समावेश गरिनेछ ।

१३. ऋण असुली ढाँचा (Pay back modality) :- यस कार्यक्रमको ऋण असुली देहाय बमोजिम गरिनेछ ।

क) यस कार्यक्रम अन्तर्गत लिइने कर्जाको सांवा रकम भुक्तानीको अवधि बढीमा चार-पांच वर्ष अथवा बीज उत्पादक कम्पनी/समूह/सहकारी संस्था, वित्तिय संस्था र कृषि इन्जिनियरिङ्ग निर्देशनालय बीचको सम्झौता अनुसार हुनेछ ।

ख) पहिलो अवधि : निर्माण तथा स्थापना अवधि पहिलो १ (एक) वर्ष हुने छ ।

ख) दोश्रो अवधि : ग्रेस अथवा प्रारम्भिक अवधि निर्माण तथा स्थापना भैसके पछिको ६(छ) महिना देखि १ (एक) वर्ष हुने छ ।

घ) तेश्रो अवधि : साँवा भुक्तानीको Equal Installment Basis (EIB) अनुसार रु. ५० लाखसम्म बढीमा ३ (तीन) वर्ष र रु. ५० लाख भन्दा माथीको बढीमा ५ (पाँच) वर्ष सम्ममा भुक्तानी गर्नेछ ।

१४. प्रस्ताव छनौट समिति : कार्यक्रमका लागि प्राप्त प्रस्तावहरुको छनौटका लागि देहाय वमोजिमको समिति गठन हुने छ ।

| | |
|---|---|
| क) कार्यक्रम निर्देशक, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | अध्यक्ष |
| ख) प्रमुख/प्रतिनिधि योजना तथा जनशक्ति विकास शाखा, कृषि विभाग | सदस्य |
| ग) खरिद इकाई प्रमुख, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | सदस्य |
| घ) कानून अधिकृत, कृषि विभाग | सदस्य |
| ङ) शाखा प्रमुख, फार्म संरचना शाखा, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | सदस्य सचिव |

नोटः समितिले आवश्यक महशुस गरे अनुसार सम्बन्धित अन्यलाई आमन्त्रण गर्न सकने छ ।

१५. प्रस्ताव छनौट समितिको काम कर्तब्य : समितिको देहाय वमोजिमको काम, कर्तव्य र अधिकार हुने छ ।

क) प्राप्त प्रस्तावहरुलाई बीज उत्पादक समूह/सहकारी संस्था/कम्पनीहरुको अनुभव, भौतिक, आर्थिक, मानबीय क्षमता तथा दक्षता, कारोवार स्थिति आदिका आधारमा प्राथमिकताको आधारमा छनौट गर्ने ।

ख) बीउ उत्पादक कम्पनी/समूह/सहकारीको माग अनुसार लगानी गर्ने वित्तिय संस्थाको प्रतिवद्धतालाई मुख्य आधार मानी छनौट गर्ने ।

१६. कार्यक्रम कार्यान्वयन प्रकृया: निर्देशनालयको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापना गर्न आवश्यक पर्ने व्याज अनुदान देहायको प्रकृया अनुसार दिईने छ ।

क) बीज उत्पादक कम्पनी/सहकारी/समूह छनौटको लागी विवरण तथा प्रस्ताव बुंदा नं. ८ मा उल्लेखित मापदण्ड र अनुसुची–१ अनुसारको बिवरण प्रस्ताव माग गर्न ३५ दिने म्याद दिई निर्देशनालयले राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना आह्वान गर्ने ।

ख) व्याज अनुदानका लागी छनौट भएका बीज उत्पादक कम्पनी/समूह/ सहकारी संस्थाहरुले निर्देशनालयले तयार पारेको अनुसूचि–१ को ढांचा अनुसार आवेदन फाराम भरी, जिल्ला कृषि विकास कार्यालयको सिफारीस अनुसूचि–४ सहित अनुसूचि–२ मा उल्लेखित कागजात संलग्न राखी निर्देशनालयमा बुझाउनु पर्ने छ ।

१७. अनुगमन व्यवस्था : **कार्यक्रमको अनुगमनको व्यवस्था देहाय वमोजिम हुने छ ।**

क) संचालन कार्यकमहरुको केन्द्रियस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, कृषि विभाग, सम्वन्धित निर्देशनालय वा कार्यक्रमबाट हुनेछ ।

ख) संचालन कार्यकमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र यस अन्तर्गतका सेवा केन्द्रबाट हुनेछ ।

१७. सम्झौताको अन्त्य (Termination of Contract) :- देहाय अवस्थामा यस कार्यक्रमको सम्झौता अन्त्य हुनेछ ।

क) व्याज अनुदान अनुसार साँवा रकम भुक्तानी अवधिको व्याज कृषि इन्जिनियरिङ्ग निर्देशनालयवाट वित्तिय संस्थालाई उपलब्ध गराइने छ ।

ख) सम्झौता अवधिमा तोकिए वमोजिमको सांवा रकम (EIB) भुक्तानी गर्न असक्षम भै व्याजमा थप व्ययभार पर्न गएमा सो थप व्याज रकम बीज उत्पादक कम्पनी/समूह/सहकारी संस्थाले नै भुक्तानी गर्नु पर्ने छ ।

ग) सांवा भुक्तानी अवधि समाप्त भए पछि कृषि इन्जिनियरिङ्ग निर्देशनालयसंगको सम्झौता स्वतः अन्त्य भएको मानिनेछ र तत्पश्चातको व्याज रकम कृषि इन्जिनियरिङ्ग निर्देशनालयवाट उपलब्ध गराइने छैन ।

घ) बुंदा नं. १० (ग) अनुसार सम्झौताको अन्त भई तिर्नु पर्ने सांवा र थप व्याज भार रकम ऋण भुक्तानी अवधि भित्र तिर्न नसकेमा वाँकी रकमको जिम्मेवार संस्था स्वयमले नै जिम्मेवारी लिनु पर्ने छ ।

१८. विवाद निरुपण (settlement of dispute) :- यस कार्यक्रममा उत्पन्न हुने विवाद देहाय वमोजिम निरुपण गरिने छ ।

(क) माथी उल्लेख भए वमोजिम संस्था, वित्तिय संस्था र कृषि इन्जिनियरिङ्ग निर्देशनालय बीच हुने सम्झौतामा उल्लेख भए अनुसार सांवा रकम भुक्तानी गर्न असक्षम भएमा खराव ऋणीको रुपमा लिइने छ । यस्तो अवस्थामा आउने विवाद उक्त संस्था र वित्तिय संस्था बीच नै एक आपसमा वसी सुल्झाउनु पर्ने छ । यस्तो अवस्थामा कृषि इन्जिनियरिङ्ग निर्देशनालय र जिल्ला कृषि विकास कार्यालयहरुले मध्यस्थताको मात्र भूमिका निर्वाह गर्नेछन् ।

**१९. संशोधन वा खारेजी** : अनुगमन तथा मुल्याङ्कन र अनुभवको आधारमा यस कार्यबिधिमा आवश्यकता अनुसार पुनरावलोकन गरी निर्देशनालयको सिफारीसमा कृषि विकास मन्त्रालयले संशोधन वा परिमार्जन गर्न सक्ने छ ।

**अनुसुची १**

नेपाल सरकार

कृषि विकास मन्त्रालय

कृषि विभाग

कृषि इन्जिनियरिङ्ग निर्देशनालय

# माग आकृति फाराम

पासपोर्ट साइजको
दुवै कान देखिने
फोटो
फोटोमा पर्ने गरी
आवेदकले सही गर्ने

१. कम्पनी/समुह/सहकारीको नाम–........................... ठेगाना– ..................................

२. संस्था दर्ता मिति–................................ दर्ता भएको कार्यलय– ...................

३. सदस्य संख्या– .............................. महिला .......... पुरुष.......................
दलित............जनजाती..................

४. लाभन्वित कृषक संख्या –............................प्रत्यक्ष................अप्रत्यक्ष................

५. कारोवार शुरु मिति–..........................

६. कारोवारको विवरण–.

| बालीहरु | प्रथम बर्ष | | द्धितीय बर्ष | | तेस्रो बर्ष | | चौथो बर्ष | | पाँचौ बर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

७. कारोबार क्षेत्र / जिल्लाहरु.......................................................................
.........................................................................................................
.......................................................................................................

८. समुहको चल । अचल पूजिंको विवरण.............................................................
.......................................................................................................
.......................................................................................................

९. सेवा केन्द्र स्थापना गर्ने जग्गाको विवरण र स्थान

क) पाखो - Up Land । खेत Low Land.................................................

ख) क्षेत्रफल

......................बिघा..............कठ्ठा ........................ धुर

ग) कम्पनी/समुह/सहकारीको स्वमित्व छ। छैन ............

छ भने लम्बाई..........फी. चौडाई............फी. छैन भने उपलब्ध गराउने छु भन्ने कम्पनी/समुह/सहकारीको निर्णय सहितको प्रतिबद्धता पत्र संलग्न गर्नु पर्ने ।

घ) सडक छ। छैन.............
छ भने सदरमुकाम देखि कालो पत्रेको लम्बाई ................कि.मी.
कच्चा बाटोको लम्बाई.............कि.मी.
छैन भने सडकको संभावना विवरण........................................................................
..........................................................................................................................
ङ) विधुतको क्षमता न्युनतम ३ फेज आबश्यक पर्ने भएकोले सो संगको ............कि.मि. दुरी
छैन भने आबश्यक संभावना विवरण .......................................................................
..........................................................................................................................
अन्य आबश्यक विवरणहरु उल्लेख गर्नु पर्ने भए........................................................
..........................................................................................

१०. कम्पनी/समुह/सहकारीको आबश्यकता ( भौतिक पुर्वाधार तथा मेशिनरी औजार)को विवरण
गोदाम घर क्षमता........................ थ्रेसिङ्ग फ्लोर क्षमता...................
मेशिनरी सेड................................ ट्रान्जिट सेड............................
अफिस विल्डीङ्ग.......................... कम्पाउड वाल............................
गार्ड हाउस.............................. ग्रेडिङ्ग। प्याकेजिङ्ग। क्लिनिङ्ग मेशिन......................
अन्य.........................................

११. वित्तिय श्रोतको विवरण (बाणिज्य बैकको प्रतिवद्धता पत्र)

| क.सं. | श्रोत | रकम |
|---|---|---|
| | | |
| | | |
| | | |

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई ऐन कानुन बमोजीम सहुला बुझाउंला ।

| **साक्षी** | निवेदक |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद अध्यक्ष |

समुहको छाप

अनुसूचि २

<u>संलग्न गर्नु पर्ने कागज पत्रहरु</u>

१. कम्पनी/समुह/सहकारीको दर्ताको नविकरण सहितको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

२. सेवा केन्द्र स्थापना गरिने जग्गाको कम्पनी/समुह/सहकारीको स्वामित्वमा रहको/हुने प्रमाण ।

३. वित्तिय संस्थाले श्रोत उपलव्ध गराउन लेखेको (unconditional) पत्र ।

४. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ।

५. गत आ.ब. सम्मको कर चुक्ता प्रमाण पत्र ।

६. कारोवार विवरणको प्रमाणित प्रतिलिपि (पछिल्लो ३ वर्षको लेखा परिक्षण प्रतिवेदन) ।

७. संस्थाको निर्णय प्रतिलिपि ।

८. सम्वन्धित जि.कृ.वि.का. को सिफारीस ।

# अनुसूचि ३

व्याज अनुदानमा सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापना गर्न चाहने कम्पनी/समुह/सहकारीले जिल्ला कृषि विकास कार्यालयवाट सिफारीस पाउन दिइने निवेदनको ढांचा ।

मिति :

श्रीमान् बरिष्ठ कृषि विकास अधिकृत ज्यू,

जिल्ला कृषि विकास कार्यालय,

……………………… ।

विषय **: सिफारीस पाउं ।**

हामीलाई सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापना गर्न आवश्यक परेकोले सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापना सम्वन्धी वित्तिय संस्थाको साझेदारीमा व्याज अनुदान परिचालन कार्यबिधि, २०७० वमोजिम व्याज अनुदान उक्त सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापना गर्न पाउन सम्वन्धीत कृषि इन्जिनियरिङ्ग निर्देशनालयमा सिफारीस गरी दिनु हुन यो निवेदन पेश गरेका छौ ।

संलग्न कागजातः

१.

२

३

**निबेदनक**

नामः

दस्तखतः

ठेगानाः

मोबाइल नं.

संस्थाको नामः

पदः

संस्थाको छाप

# अनुसूचि ४

जिल्ला कृषि विकास कार्यालयले सम्वन्धीत निर्देशनालय समक्ष गरिने सिफारीसको ढांचा ।

मिति :

श्री कृषि इन्जिनियरिङ्ग निर्देशनालय,

हरिहरभवन, ललितपुर ।

विषय : **सिफारीस गरी पठाइएको ।**

श्री ....................................................................... ले मिति ....................................................... मा दिनु भएको निवेदनमा कारवाही हुंदा सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापना सम्वन्धी वित्तिय संस्थाको साझेदारीमा व्याज अनुदान परिचालन कार्यबिधि, २०७० वमोजिम व्याज अनुदान उपलव्ध गराई दिनु हुन सिफारीस गर्दछु ।
संलग्न कागजात:

१.

२

३

सम्वन्धीत कार्यालयको प्रमुख वा शाखा प्रमुखको दस्तखत र पद